# मार्मा गाउँपालिका क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धि मापदण्ड, २०७६

मार्मा गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/१२/२३ गते

मार्मा गाउँपालिका
लटिनाथ, दार्चुला
सुदुरपश्चिम प्रदेश, नेपाल

## मार्मा गाउँपालिका क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धि मापदण्ड, २०७६

कोभिड १९ को सम्भावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जिवन यापनको लागि मार्मा गाउँपालिकाबाट राहत उपलब्ध गराउने गरि मार्मा गाउँपालिका गाउँकार्यापालिकाबाट भएको निर्णय कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नामः मार्मा गाउँपालिका क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धि मापदण्ड, २०७६ रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधि सम्मको लागि लागु हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

क. मार्मा गाउँपालिका क्षेत्रमा कार्यरत श्रमीक वर्ग भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानि गर्ने दफा ४ बमोजिम श्रमिक, कामदार तथा मजदुर सम्झनु पर्दछ ।

ख. असहाय भन्नाले कसैको लालन पालनमा नरही असक्त तथा आवास विहिन व्यक्ति सम्झनु पर्दछ ।

ग. राहत भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम सम्बन्धित स्थानीय तहले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्रि सम्झनु पर्दछ ।

घ. स्थानीय तह भन्नाले मार्मा गाउँपालिका सम्झनु पर्दछ ।

३. **अभिलेख राख्नु पर्नेः**(१) यस मापदण्ड बमोजिमको राहत देहाय श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नु पर्नेछ ।

क. पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने बाटोमा आवश्यक वस्तुहरु ओसार पसार गर्ने व्यक्ति ।

ख. गिट्टी कुट्ने, बालुवा चाल्ने मजदुर ।

ग. निर्माण कार्यमा दैनिक ज्यालादारी काम गर्ने डकर्मि, सिकर्मि, हेल्पर लगायतका मजदुर ।

घ. स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ती।

(२) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूचि १ बमोजिम सम्बन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई ३ दिन भित्र तयार गरि सार्वजनिक गर्नु पर्नेछ ।

**४. राहत वितरण गर्नु पर्नेः** दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसुची २ बमोजिमको ढाँचामा विवरण राखी दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नु पर्नेछ ।

**५. राहत सामाग्रीः** (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरुलाई प्रति परिवारका लागि देहायका सामाग्री राहत स्वरुप वितरण गरिनेछ ।

क. चामल ३० किलोग्राम ।

ख. दाल ३ किलोग्राम ।

ग. नुन २ प्याकेट ।

घ. खानेतेल २ लिटर ।

ङ. सावुन ४ वटा ।

च. चिनि २ किलोग्राम ।

(२) यस मापदण्ड बमोजिम बमोजिम राहत वितरण गर्दा १ परिवारलाई एक इकाई मानि सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ । साथै, परिवार संख्या कायम गर्दा दुई जनासम्म भए उपदफा (१) बमोजिमको राहत सामाग्रीको आधा र सो भन्दा बढी परिवार संख्या भए पुरै राहत सामाग्री वितरण गरिनेछ ।

(३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि श्रमिक वर्ग तथा असहाय तथा तीनसँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै वैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एकै परिवारको एक भन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

**६. वितरण गर्ने विधिः** (१) देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछ ।

क. राहत वितरणको लागि मार्मा गाउँपालिकाले सामाग्री खरिद गरि सम्बन्धित वडाको वडा अध्यक्षले वितरण गर्ने ।

ख. सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारणले वडा समितिबाट वितरण गर्न नसक्ने भएमा देहाय बमोजिम वितरण गर्ने ।

१. स्थानीय तहले आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपुर्ति कर्ताबाट मुल्य सूची लिई सो को आधारमा सामाग्रीको गुणस्तर तथा मुल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपुर्ति कर्ता छनौट गर्ने ।

**७. राहत वितरणको अभिलेख र प्रतिवेदनः** (१) सम्बन्धित वडाले वितरणको अनुसूची २ बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्नेछ र एक प्रति सम्बन्धित स्थानीय तहका कार्यालयमा पठाउनु पर्नेछ ।

(२) प्रत्येक स्थानीय तहले राहतको प्रतिवेदन अनुसूची ३ बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्नेछ ।

**८. कारवाही सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुदैन ।

(२) यस कार्यविधिको प्रतिकुल हुने गरि राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कार्वाही गरि त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हद सम्मको रकम सम्बन्धित स्थानीय तहले निजबाट असुल गर्नु पर्नेछ ।

## अनुसूची १
## (दफा ३ सँग सम्बन्धित)
## राहत प्राप्त गर्ने व्यक्तिको विवरण

१. नाम थरः
२. बावुको नामः
३. बाजेको नामः
४. स्थायी ठेगानाः
५. हालको ठेगाना
६. टेलिफोन वा मोबाइल नम्बर (भएमा)
७. दैनिक ज्यालादारीमा कार्यरत स्थानः
८. गर्ने गरेको कामको विवरणः
९. पेश गरेको कागजातको विवरणः ( कम्तीमा कुनै एक कागजात संलग्न गर्नुपर्ने)
क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा
ख. गरिब घर परिवार परिचयपत्रको प्रतिलिपि वा
ग. सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा
घ. अन्यः
१०. राहत लिने व्यक्तिको स्वः घोषणाः

म र मेरो परिवारको सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकः-
दस्तखतः-
मितिः-

औठाको छाप

| दायाँ | वायाँ |
|---|---|
| | |

सिफारिस गर्ने पदाधिकारीः-
दस्तखतः-
दस्तखतः
नामः पदः
मिति

स्थानीय तहको नामः-
वडा नं.

अनुसूचीः २

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

मार्मा गाउँपालिका

वडा नं. .......... कार्यालय ..................

राहत वितरणको अभिलेख

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं | बावुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |

राहत वितरण गर्नेको
दस्तखतः
नाम थरः
टेलिफोन नं.

**अनुसूचीः २**

**(दफा ७ को उपदफा २ सँग सम्बन्धित)**

**मार्मा गाउँपालिका**

**प्रतिवेदन**

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं | बावुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |

निवेदन गर्नेको
दस्तखतः
नाम थरः
टेलिफोन नं.